# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, असार १० गते २०५३ साल (संख्या ११

## भाग ३

श्री ५ को सरकार

### युवा, खेलकूद तथा संस्कृति मन्त्रालयको सूचना

श्री ५ को सरकारले लुम्बिनी विकास कोष ऐन, २०४२ को दफा ८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ख) बमोजिम लुम्बिनी विकास परिषद्को उपाध्यक्षमा ललितपुरका भिक्षु श्री विमलानन्द महास्थवीरलाई, खण्ड (ग) बमोजिमका सदस्यमा माननीय सांसदहरू श्री दीपकुमार उपाध्याय, श्री ज्योतेन्द्रमोहन चौधरी र श्री देवेन्द्र कडेललाई तथा खण्ड (घ) बमोजिमका सदस्यमा अर्थ सचिव, पर्यटन तथा नागरिक उड्डयन सचिव र परराष्ट्र सचिवलाई मनोनीत गरेको छ ।

साथै खण्ड (ङ) बमोजिमका सदस्यमा पाटनका श्री जगतराज शाक्य, मनाङका श्री फुन्जो लामा र तेङवुचेका श्री नवाङ तेन्जिङ लामालाई, खण्ड (च) बमोजिमका सदस्यमा जापानका भुतपूर्व प्रधानमन्त्री श्री यासोहिरो नाकासोने, डब्लु. एफ. बी. डब्लु. हेडक्वार्टर थाइलैण्डका श्री सुनावो मियावारा र राजगृह बौद्ध संघ भारतकी श्रीमती महाश्वेतालाई र खण्ड (ज) बमोजिमको सदस्य सचिवमा सोलुका श्री आङदावा शेर्पालाई मनोनीत गरेको छ ।

आज्ञाले,
शरदकुमार भट्टराई
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले कर फछ्यौंट आयोग ऐन, २०३३ को दफा १५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ४४ अतिरिक्ताङ्क ४१ (ई) मिति २०५१।१०।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना बमोजिम गठित कर फछ्यौंट आयोगलाई आयकर, बिक्रिकर तथा सम्पत्ति करको पुनःकर निर्धारण वा अतिरिक्त कर निर्धारण गर्ने निर्णय भई निर्धारित कर नबुझाएको वा त्यस्ता कर निर्धारण वा अन्य कर निर्धारण हुन बाँकी विवरणहरू फछ्यौंट गर्न करदाताले निवेदन दिई आयोगले स्वीकृति प्रदान गरेका विवरणहरू फछ्यौंट गर्ने अधिकारसमेत सुम्पि आयोगको कार्यावधि २०५३ साल पौष मसान्तसम्म थप गरेको छ ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम १० ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची १ को क्रमसंख्या ५ को राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पदहरूमा देहायको पद थप गरेको छः—

"सुरक्षा गार्ड"

आज्ञाले,
विश्वनाथ सापकोटा
श्री ५ को सरकारको सचिव



830

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को दफा २६ क. ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही ऐनको अनुसूची – ३ मा तोकिएको दस्तुरमा मिति २०५३।४।१ देखि लागू हुने गरी देहाय बमोजिम हेरफेर गरेको छ ।

अनुसूची – ३

### पेटेण्ट डिजाइन र ट्रेडमार्कको दरखास्त दर्ता र नवीकरण दस्तुर

| क्र.सं. | दस्तुरहरूको बिवरण | पेटेण्ट | डिजाइन | ट्रेडमार्क |
|---|---|---|---|---|
| १. | पेटेण्ट डिजाइन र ट्रेडमार्क दर्ताको निम्ति दरखास्त दस्तुर | रू. १०००।– | रू. ५००।– | रू. ५००।– |
| २. | दरखास्त संशोधन दस्तुर | रू. २००।– | रू. २००।– | रू. २००।– |
| ३. | दर्ता दस्तुर | रू. ५०००।– | रू. २०००।– | रू. १५००।– |
| ४. | नामसारी दस्तुर | रू. २५००।– | रू. १०००।– | रू. ७५०।– |
| ५. | नामसारीबाहेक अभिलेख संसोधन तथा प्रमाणपत्रमा दरपिट दस्तुर | रू. १०००।– | रू. ५००।– | रू. ५००।– |
| ६. | दर्ता विवरणको जानकारी वापत दस्तुर | रू. ५००।– | रू. ५००।– | रू. २००।– |
| ७. | उजुरी तथा वाधा विरोध दस्तुर | रू. ५००।– | रू. २००।– | रू. २००।– |
| ८. | दर्ता प्रमाणपत्रको प्रतिलिपि दस्तुर | रू. १०००।– | रू. ५००।– | रू. ५००।– |
| ९. | नवीकरण दस्तुरः | | | |
| | (क) पहिलो पटकको निम्ति वार्षिक दर | रू. २०००।– | रू. ४००।– | – |
| | (ख) दोस्रो पटकको निम्ति वार्षिक दर | रू. ४०००।– | रू. ८००।– | – |
| | (ग) ट्रेडमार्कको हकमा जति पटक भए पनि वार्षिक दर | – | – | रू. २००।– |

आज्ञाले,

डा. भोलानाथ चालिसे

श्री ५ को सरकारको सचिव



229

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

श्रम मन्त्रालयका सचिव श्री आनन्द वल्भ जोशी अन्तर्राष्ट्रिय श्रम संगठनको ८३ औं महाधिवेशनमा भागलिन जेनेभातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियमन ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री छविराज पन्तलाई मिति २०५३।२।२२ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २

अर्थ मन्त्रालयका सचिव श्री रामविनोद भट्टराइ एशियाली विकास बैंकसँग कालिगण्डकी "ए" जलविद्युत आयोजनाको लागि ऋण वार्ता गर्न फिलिपिन्सको राज धानी मनिला जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री शम्भुप्रसाद खनाललाई मिति २०५३।२।२७ गतदेखि कायम मुकाय मुकरर गरेकोछ ।

## सूचना ३

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री नारायणराज तिवारी माननीय वन तथा भू-संरक्षण सहायक मन्त्रीका साथ अध्ययन भ्रमणको सन्दर्भ मलेसिया तर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अनुगमन तथा मुल्यांकन महाशाखा प्रमुख (रा. प प्रथम श्रेणी, प्रा.) श्री दामोदरप्रसाद पराजुली-लाई मिति २०५३।२।२७ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।



232

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री विश्वनाथ सापकोटा घर बिदामा बस्नु भएकोले उहाँ बिदाबाट फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ उप–नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका का.मु. विशेष सचिव श्री केशवराज राजभण्डारीलाई मिति २०५३।२।२३ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ५

स्थानीय विकास मन्त्रालयका सचिव श्री विश्वराज रेग्मीको पिताको परलोक भई क्रिया बिदामा बस्नु भएकोले उहाँ बिदाबाट फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री पद्मकुमार आचार्यलाई मिति २०५३।२।२० गतेदेखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ६

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री डमरूवल्लभ भट्टराई स्तानबुल, टर्कीमा हुने दोश्रो शहरी शिखर सम्मेलनमा भाग लिन जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयाका सह-सचिव श्री रत्नाकर दत्तलाई मिति २०५३।२।२० गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

238

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।